मिति २०७५ साल श्रावण ०१ गतेको कार्यपालिका बैठकको निरणयहरु

निर्णय नं १

वीरेन्द्रनगर नगरपालिकाको तेस्रो नगरसभा सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं २

यस कार्यलयको पश्चिम तर्फ रहेको खुला मैदानमा पार्क निर्माणका लागि प्रस्तुत योजना सम्वन्धमा प्रारम्भिक छलफल गरियो । सो सम्वन्धमा सरोकारवालाहरु संग आवश्यक छलफल गर्ने ।

निर्णय नं ३

वी न न पा वडा नं ०३ स्थित काक्रेविहारमा चिडियाखाना निर्माण का लागी तयार गरियको योजना स्विकृत गर्ने र कार्यान्वयन आवश्यक बजेट ब्यवस्थापनको लागि प्रदेश सरकार र संघिय सरकार समक्ष अनुरोध गर्ने ।

निर्णय नं ४

पुर्वाधार विकास समिति बाट पेश गरिएको पुराना भवनहरुको नक्सा प्रमाण पत्र दिने कार्य विधि २०७५ बारे यस बैठकमा छलफल भयो । सो सम्वन्धमा पुन अध्यन गरि आगामी बैठकमा पेश गर्ने गरी सोहि समितिमा फीर्ता पठाउने ।

निर्णय नं ५

यस कार्यालयमा कर्मचारी अभाव भएका कारण अर्को ब्यवस्था नभए सम्मको लागी वडा नं ७ मा कार्यरत वडा सचिव श्री ओम प्रसाद चपाईलाइ सामाजिक सुरक्षा ब्यवस्था कार्य कार्यलय समयका अतिरिक्त समयमा समेत गर्ने गरि थप कार्यको जिम्वेवारी दिने र थप कार्य गरे वाफत प्रोत्साहन स्वरुप प्रतिमहिना रु ५००० (अक्षरुपी पाच हजार मात्र) मात्र अतिरिक्त भत्ता उपलब्ध गराउने ।

निर्णय नं ६

साविकको वीरेन्द्रनगर नगरपालिका कार्यालयको स्वीकृत दरबन्दी मा विगत वर्षदेखि नै करार सेवामा कार्यरत कर्मचारीहरुलाई नगरकारयापलिकाको कार्यबोझ का आधारमा निरन्तरता दिनुपर्ने देखिएका ले तपसीलका कर्मचारीहरुलाई साविकको स्थानिय निकायका निम्न अनुसारका पदमा २०७६ असार मसान्त सम्म नियुक्ति करार म्याद थप गर्ने ।

तपसिल

१. श्री ज्वति के.सी व.स.प्र / सहायक स्तर पाचौँ
२. श्री निर्मला भट्टराई व.स.प्र / सहायक स्तर पाचौँ
३. श्री खुमलाल न्यौपाने, क.स/ सहायक स्तर
४. श्री मोहन कार्की, अमिन सहायक स्तर पाचौँ
५. श्री भुपेन्द्र बहादुर अधिकारी, अमिन / सहायक स्तर पाचौँ
६. श्री लाक्ष्मि कान्त पन्त, अ हे व
७. श्री हृदयकुमार आले अ हे व
८. श्री चुडामणी भट्टराई सा. प/ प्रशासन सहायक
९. श्री रत्न बहादुर वि.क सा.प/ प्रशासन सहायक
१०. श्री हरि पौडेल ह.स.चा
११. श्री तुलसी खरेल, का.स
१२. श्री भुवन सीं हमाल, भान्से / का स
१३. श्री धनविर रोकाय, मालि
१४. श्री विनोद खड्का, चौकिदार
१५. रमा वालमिकि, सरसफाईकरर्मी
१६. श्री गोविन्द प्रसाद खराल
१७. श्री सुन्दरपाल बालमिकी
१८. श्री हरि ब थापा
१९. श्री भविलाल सार्की, मेहतर
२०. श्री ईन्द्रजित बालमिकि, मेहतर
२१. दिपक ढकाल , प्रा.स, गर्पन
२२. डिल बहादुर चपाई, प्रा स रतु
२३. रेशमलाल पराजुलि, का.स गढी
२४. श्री पुस्कर ब. खड्का, एच ए
२५. विशाल चौधरी, भान्से

निर्णय नं ७

जनस्वास्थ्य तर्फ नेपाल सरकारबाट पारिश्रमिक सुविधा पाउने गरी नियुक्ति भई विभिन्न स्वास्थ्य चौकीमा कामकाज गर्दै आएका स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीहरुलाई सम्वन्धित स्वास्थ्य सस्थाको

आवश्यकता र स्वास्थ्य चौकी ब्यवस्थापन समितिको सीफारीसका आधारमा ६/६ महिनाको म्याद थप कार्यलयले गर्ने ।

निर्णय नं ८

सार्वजनिक सेवा तथा क्षमता विकास समितिले अनुगमन गरी पेश गरेको प्रतिवदन जानकारी गरीयो । उक्त प्रतिवेदन यथा शिघ्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं ९

वी न न पा वडा नं २ को आदर्श सामुदायिक बन भित्रि खोलामा जालि भर्ने कार्यकालागी भएको खर्च मध्य रु १,६०,०१९/७९ मात्र उपयुक्त शिर्षक बाट खर्च भुक्तानि दिने .

निर्णय नं १०

वी न न पा वडा नं ०४ बाट निर्माण भै पेश भएको सफा र स्वच्छ वडा निर्माण कार्य योजना स्वीकृत गरी लागु गर्न सम्बन्धित वडालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं ११

पुर्वाधार विकास समिति बाट पेश भएको निर्णयका सम्वन्धमा निम्नानुसार गर्ने :

१. अंशबण्डा बाहेक नया भवन निर्माण गर्न ५ मिटर मोहडा हुनु पर्ने
२. साविकको न पा बाहेक गाभिएका गा वि स क्षत्रमा टोल विकास समिति मार्फत वडा कार्यालयमा पेश भै वडा वाट सडक क्षेत्र टोल विकास समिति मार्फत वडा कार्यालयमा पेश भै वडा वाट सडक क्षेत्र निर्धारण को आधारमा सिफारिस भएपछी मात्र नक्सा पास निवेदन दर्ता गर्ने ।
३. टोल विकास समितिहरु बाट भए गरेका काम सम्वन्धमा आवश्यक जानकारी लिई उक्त समिति / सस्थाहरु बाट गरिने सिफारीसको दर समेत तय गरी आगामी बैठकमा पेश गर्न सार्वजानिक सेवा तथा क्षमता विकास समिति लाई जिम्मेवारी दिने ।

निर्णय नं १३

यस नगरपालिकामा LGCDP कार्यक्रम अन्तरगत विगत देखि कार्यरत सामाजिक परिचालकहरुलाई नेपाल सरकार बाट सुविधा प्राप्त हुने भएमा सोहि बमोजिम हुने गरी हाललाई नपा को सामजिक विकास शिर्षक बाट खर्च लेख्ने गरी १ वर्षका लागि साविकको सेवा शर्त मा निजहरुलाई कार्यवोझका आधारमा कुनै पनि वडा र नगरकारयपालिका कार्यालका प्रशासनिक कार्य समेत गराउन सक्ने गरी निरन्तरता दिने ।